लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि बिकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

पत्र संख्या : ०८०/८१
चलानी नं :

तम्घास, गुल्मी

## कार्यक्रम सञ्चालनका लागि आवेदन /प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशन भएको मिति २०८०/०८/२०)*

आर्थिक वर्ष २०८०/८१को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसील अनुसारका कार्यक्रमहरुमा सहभागी हुन इच्छुक आवेदकहरुले सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र (मिति २०८०।०९।१० गते सम्म) यस केन्द्रमा तपसील अनुसारका कागजातहरु सहित केन्द्रले निर्धारण गरेको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसील बमोजिमका कागजात संलग्न राखि निवेदन पेश गर्नुहुन सम्बन्धित सबै (कृषक समूह/कृषि सहकारी/कृषक उद्यमी/फर्म/कम्पनी)को जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा, व्यवसायिक योजना, संलग्न गर्नुपर्ने कागजात, सञ्चालन कार्यविधि कृषि ज्ञान केन्द्रको वेवसाईट(gulmi.akc.gov.np)बाट प्राप्त गर्न सकिनेछ।

| सूचना नं | कार्यक्रम | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | बजेट रु लाखमा | अनुदानको सीमा |
|---|---|---|---|---|---|
| १ | सिंचाइ सहित कृषि विकास कार्यक्रम | सोलार सिंचाइ,थोपा सिंचाइ,लिफ्ट सिचाई,बोरिङ्ग, मोटर,पाइप,ड्रिप तथा स्प्रिङ्कलर,पम्पसेट लगायतका सिंचाइ सामाग्री खरिद। सिंचाइ कुलो/पोखरी,स्यालो/डिप बोरिङ्ग, लिफ्ट सिंचाइ निर्माण तथा सुधार। | कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी/जल उपभोक्ता समिति सहभागी हुन सक्ने यस अघि अनुदान नपाएकालाई प्राथमिकता दिने | ९० | पूर्वाधार निर्माणको हकमा कुल लागतको अधिकतम ७५ प्रतिशत र अन्य(मोटर, पम्पसेट, डेलिभरी पाईप, १ ईन्ज वा सो भन्दा मुनिका पाईप)को हकमा अधिकतम ५० प्रतिशत समूह/सहकारीको हकमा अधिकतम रु ५ लाख र व्यक्तिगत वा फर्म/कम्पनीको हकमा अधिकतम रु १ लाख ५० हजार अनुदान। |
| २ | चक्लाबन्दी सुधार कार्यक्रम निरन्तरता | जग्गा भाडा गह्रा सुधार सिंचाई पूर्वाधार,यन्त्र उपकरण,उत्पादन सामाग्रीहरु। | गत आ.व मा कार्यालयसँग सम्झौता गरी चक्लाबन्दी सुधार कार्यक्रम सञ्चालन गरेको हुनुपर्ने। | ५ | सामुदायिक पूर्वाधारको हकमा कुल लागतको अधिकतम ७५ प्रतिशत र अन्य अधिकतम ५० प्रतिशत अनुदान। |

"समृद्ध लुम्बिनी : आत्मनिर्भर प्रदेश"

☎०७९-५२०१२६, *Email: akcgulmi2075* @gmail.com/websites:gulmi.akc.gov.np

नवराज भण्डारी
प्रमुख

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | ओखर प्रवर्द्धन तथा क्षेत्रफल विस्तार | बिरुवा, यन्त्र/उपकरण लगायत उत्पादन सामाग्रीमा सहयोग। | कम्तीमा ५ रोपनीमा नयाँ बगैचा स्थापना वा थप विस्तार गर्नुपर्ने। | ८ | शतप्रतिशत अनुदानमा बिरुवामा र अन्य सामाग्रीहरु अधिकतम ५० प्रतिशत अनुदान |
| ४ | उखु प्रशोधनमा सहयोग | प्रशोधनका लागि आवश्यक पूर्वाधार निर्माण,मेशिनरी/औजार/उपकरण खरिद। प्याकेजिङ्ग तथा लेबलिङ्ग | उत्पादनमा आफै संलग्न भएको फर्म/समूह/ सहकारीलाई प्राथमिकता दिइने। | १० | निजी फर्म/कम्पनीको हकमा कुल लागतको अधिकतम ५० प्रतिशत र समूह र सहकारीको हकमा अधिकतम ७५ प्रतिशत अनुदान। |
| ५ | सुन्तलाको नर्सरी स्रोत केन्द्र निर्माण तथा संचालन | उत्पादन सामाग्री (माउ बोट , रुटस्टक,सायन, बीउ तथा बेर्ना, सूचीकृत प्राङ्गारिक मल, विषादी आदि),औजार /उपकरण खरिद नर्सरी सेड/नेट,स्क्रिन हाउस निर्माण तथा सिचाइ पूर्वाधार निर्माण | कम्तिमा ६ रोपनीमा नर्सरी स्थापना हुनुपर्ने । आवश्यक पर्ने जग्गा सम्बन्धित प्रस्तावकको नाममा भएको हुनुपर्ने वा भाडामा लिएको हकमा प्रचलित कानून बमोजिम कम्तीमा १० वर्षको करार सम्झौता हुनुपर्ने | १० | यन्त्र/उपकरण/अन्य सामाग्रीको हकमा कुल लागतको अधिकतम ५० प्रतिशत निजी पूर्वाधारको हकमा अधिकतम ५० प्रतिशत, बीउविजन/बेर्ना र सामुदायिक पूर्वाधार निर्माणको हकमा अधिकतम ७५ प्रतिशत |
| ६ | हिउँदे /वर्षे फलफूल बिरुवा वितरण | विभिन्न जातका उन्नत/वर्णशङ्कर फलफूल बिरुवा | सामूहिक वा एकल रुपमा एउटै चक्लामा बगैचा स्थापना हुनुपर्ने। एक चक्लामा कम्तीमा ३ रोपनीमा लगाउनु पर्ने | ५ | शतप्रतिशत अनुदानमा बिरुवा वितरण |

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि बिकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

तम्घास, गुल्मी

पत्र संख्या : ०८०/८१
चलानी नं :

संलग्न गर्नु पर्ने कागजातहरू:

१. निवेदन (रु १० को टिकट सहित)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि र गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
४. व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव ।
५. सम्बन्धित स्थानीय तह वा वडा कार्यालयको सिफारिस पत्र।
६. समूह तथा सहकारीको हकमा अनुदान माग गर्न गरिएको संस्थाको निर्णयको प्रतिलिपि।
७. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
८. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा ।
९. जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा ( करार पत्र)।

पुनश्च उल्लेखित मिति भित्र आवश्यक कागजात तथा प्रक्रिया नपुगेका आवेदनहरु माथि प्रक्रिया अघि बढाउन कार्यालय बाध्य हुने छैन। आवेदन तथा प्रस्ताव भर्न नजानेका कृषक, कृषक समूह तथा सहकारीहरुलाई कृषि ज्ञान केन्द्रमा स्थापना गरिएको सेवाग्राही सहयोगी कक्षमा रहेका कर्मचारीहरुबाट र यस केन्द्र मार्फत स्थानीय तहमा खटाईएका प्राविधिकहरुबाट सहजिकरण हुनेछ।

थप जानकारीका लागि
कृषि ज्ञान केन्द्र, गुल्मी
०७९-५२०१२६

०८०/
नबराज भण्डारी
प्रमुख